पोखरा लेखनाथ महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : १    पोखरा    खण्ड : १५    २०७५ जेठ ८ गते

भाग १    अङ्क २

पोखरा लेखनाथ महानगरपालिकाको

# पशुपन्छी पालन निती २०७४

## पृष्ठभुमी :

हाम्रो देशको पशुपन्छीपालन व्यवसायले योजनावद्ध विकास शुरु भएको धेरै वर्ष वितिसक्दा पनि अपेक्षाकृत गति लिन सकेको छैन । विगतमा लागु भएका पञ्चवर्षिय तथा त्रिवर्षिय योजनाहरु, राष्ट्रिय कृषि निती, लाईभस्टक मास्टर प्लान, दीर्घकालिन कृषि योजना, विभिन्न पशु विकास आयोजनाहरु लगायत

हालैको कृषि विकास रणनिती र विविध कृषि तथा पशुपालन सँग सम्वन्धीत नितीहरुले पशुपंक्षीपालनको क्षेत्रमा ठोस र स्पष्ट कार्यदिशा निर्देशीत गदै उल्लेखिय योगदान हासिल गरेको छ। यसै पृष्ठभुमीमा मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको तथा देशभित्रै आयआर्जन,स्वरोजगारी, खाद्य एवम् पोषण सुरक्षा र गरिवि न्युनिकरणमा महत्वपुर्ण योगदान पुर्याउँदै आईरहेको पशुपंक्षीपालन व्यवसायलाई थप व्यवस्थित, मर्यादीत एवं व्यावसायीक बनाउँदै स्वच्छ, स्वस्थ एवं गुणस्तरीय पशुपंक्षीजन्य उत्पादनहरु (दुध, अण्डा, माछा, मासु, छाला, उन, पश्मिना प्रांगारीक मलखाद, आदी) आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण बनाउन र पशुपंक्षीपालनको माध्यमबाट आम कृषकहरुको जीवनस्तर उकास्दै यस क्षेत्रको पशुपंक्षीपालन व्यवसायलाई क्रमीक रुपमा आत्मनिर्भर तुल्याउने उद्देश्य राखी पोखरा लेखनाथ महानगर पालिकाद्धारा संचालन हुने कार्यक्रमहरुलाई सहज, सरल, प्रभावकारी, पार दर्शी र व्यवस्थित रुपमा संचालन गर्न पोखरा लेखनाथ महानगरपालिकाको नगरसभा वैठकले **पोखरा लेखनाथ महानगरपालीकाको पशुपंक्षीपालन निती २०७४** जारी गरेको छ। पोखरा लेखनाथ महानगरपालिका मार्फत् अब उप्रान्त संचालन हुने सम्पुर्ण पशुपंक्षीपालन तथा प्रबर्द्धन सम्वन्धी कार्यक्रमहरु यसै नितीको मर्म र भावना अनुसार निर्देशीत भै संचालीत रहनेछन्।

## दृष्टीकोण वा परिकल्पना :

पशुपंक्षीपालन व्यवसायलाई आयआर्जन, रोजगारी, खाद्य तथा पोषण सुरक्षा एवम् कृषि पर्यटन प्रबर्द्धनको माध्यमको रुपमा विकास गर्न यस क्षेत्रलाई थप व्यवस्थित, आत्मनिर्भर, दीगो, पर्यावरणमैत्री, मर्यादित एवं व्यावसायीक बनाउँदै स्वच्छ, स्वस्थ एवं गुणस्तरीय पशुपंक्षीजन्य उत्पादनलाई आम उपभोक्ता समक्ष सहुलियत रुपमा पुर्‍याउने वातावरण बनाउने र महानगरको अर्थतन्त्रमा योगदान पुर्‍याउने ।

## वृहत उद्देश्य :

पशुपंक्षीपालन पेशालाई व्यावसायीक र मर्यादीत वनाई आम कृषकहरुको जीवनस्तर सुधार गर्न आगामी वर्षदेखी नै महानगरको मौलीक विशेषताहरुमा आधारीत साना, मझौला र ठुला  व्यावसायीक पशुपंक्षीपालक कृषक केन्द्रीत भै आत्मनिर्भर उन्मूख, युवा एवम् कृषि पर्यटनमैत्री, पर्यावरणमैत्री, दीगो पशुपंक्षीपालन व्यवसायका लागि महानगरको पशु सेवा सम्वन्धी अधिकतम स्रोत साधनको परिचालन गर्ने र स्थान विशेषमा विद्यमान पशुपंक्षीको आनुवंशीक स्रोत र पर्यटनमैत्री परम्परागत पशुपंक्षीपालन पद्धती समेतलाई संरक्षण गदै पर्यावरणमैत्री  आधुनीक प्रविधीको प्रयोग गरी गुणस्तरीय पशुपंक्षीजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आन्तरीक मागलाई सम्बोधन गर्दै आगामी ५ वर्षमा ठूला उद्यमी मार्फत् वाह्य जिल्ला तथा देशमा समेत निर्यात हुने बाताबरण सिर्जना गर्ने  ।

## विशिष्ट उद्देश्यहरु :

यस नितीका विशिष्ट उद्देश्यहरु देहाय बमोजिम हुनेछन् ।

क) नतिजामा आधारीत विकासको अवधारणा अवलम्बन गदै ' पोखरा लेखनाथ महानगरबाट संचालित पशु सेवा सम्वन्धी कार्यक्रमहरुलाई सहज, सरल, प्रभावकारी, पारदर्शी र व्यवस्थित रुपमा संचालन गरी महानगर भित्रै आयआर्जन, रोजगारी, खाद्य एवम् पोषण सुरक्षामा महत्वपुर्ण योगदान पुर्‍याउने र व्यावसायीक, दीगो र आत्मनिर्भरमुखी पशुपंक्षीपालनको विकास गर्ने ।

ख) पशुपंक्षीपालन व्यवसायलाई थप व्यवस्थित, मर्यादित एवं व्यावसायीक बनाउँदै स्वच्छ, स्वस्थ एवं गुणस्तरीय पशुपंक्षीजन्य उत्पादन आम उपभोक्ता समक्ष सहुलियत रुपमा पुर्‍याउने वातावरण बनाउने ।

ग) महानगरका स्थानीय पशुपंक्षीका स्रोतहरुको संरक्षण गदै ' महानगरमैत्री उन्नत नश्ल तथा प्रविधीहरु भित्र्याउँदै उचीत बजार व्यवस्थापन मार्फत् महानगरका युवा वर्गलाई पशुपालनमा प्रेरीत गर्ने र महानगर भित्रका सम्वन्धीत सम्पुर्ण साना ठूला कृषक तथा ठूला पशुपंक्षीजन्य उत्पादनका व्यवासायीहरुको समेत प्रतिस्प्रर्धी क्षमता विकास गर्दै लैजाने ।

घ महानगरपालीका भित्र सामुदायिक पशु, घरपालुवा कुकुर र अन्य सामुदायिक कुकुर, घायल तथा मृत पशुपंछिहरुको व्यवस्थापनका लागि उचित कार्यक्रमहरु संचालन गर्ने ।

## नितीहरुः

महानगरको मूल पशुपंक्षीपालन निती तलका ६ वटा बुँदाहरुवाट निर्देशीत

हुनेछ भने उक्त नितीमा तय गरीएका लक्ष्यहरु हासिल गर्न अन्तर्गतका सहायक निती तथा रणनितीहरु अपनाइने छ ।

## १) आत्मनिर्भर, निर्यातमुखि, पर्यावरणमैत्री, अर्गानीक उन्मूख र मौलीक पशुपंक्षीजन्य उत्पादन :

पोखरा लेखनाथ महानगरको पशुपंक्षीजन्य उत्पादनहरुको उत्पादन लागत अत्यन्त महंगो छ । विविध कारणले हामी आफ्नै बजारमा पनि अन्य देशका कृषि र पशुपंक्षीजन्य उत्पादनहरुसँग प्रतिस्प्रर्धा गर्न सक्ने अवस्थामा छैनौं । महानगरको उत्पादन लागत महंगो हुनुमा जमिन तथा श्रम महंगो हुनु, फार्मको कमजोर र अवैज्ञानीक व्यवस्थापन, साना फार्म भएकोले कम उत्पादन हुनु र कृषि तथा पशु फार्मको लागि आवश्यक अधिकांश कच्चा पदार्थहरु महंगोमा आयात गर्नुपर्ने वाध्यता जस्ता कारणहरु मूल रुपमा जिम्मेवार छन् । तर महानगरको उल्लेख्य भुभागको कृषि तथा पशुपंक्षीपालन प्रणाली अर्धव्यावसायीक हुनु र कतिपय स्थानको पशुपंक्षीपालन परम्परागत र निर्वाहमुखी हुनुको कारणले गर्दा केही हदसम्म अर्गानीक प्रकृतिको पनि रहेकोले परम्परागत र तुलनात्मक रुपमा पर्यावरणमैत्री पनि छ । निर्वाहमुखि उत्पादन प्रणाली  भएतापनि अर्गानीक उत्पादन हुनु भनेको हाम्रो अत्यन्तै सबल पक्ष हो । अर्थात् अव कृषि तथा पशुपंक्षीजन्य उत्पादनहरुमा संसारका अन्य देशहरुसँग प्रतिस्पर्धा गर्नका लागि हाम्रो सबैभन्दा वलियो हतियार भनेको अर्गानीक प्रकृतिको पशुजन्य उत्पादन र खेती प्रणाली नै हो । अतः अव हाम्रो उत्पादन मौलीक र अर्गानीक प्रकृतिको हुनुपर्छ जस्ले प्रथमतः हाम्रो आन्तरीक माग पुरा गरोस् र महानगर मात्रै नभै भविष्यमा देश नै वास्तवीक अर्थमा नै कृषिमा आत्मनिर्भर वनोस् । एकैपटक हाम्रा सबै कृषि तथा पशुजन्य उत्पादनहरुलाई पुर्णरुपमा अर्गानीक वनाउन नसकिएपनि आजैदेखी सो दिशामा अग्रसर हुँदै गयौं भने केही वर्षमा नै हामी आफ्ना उत्पादनहरुलाई अर्गानीक

वनाउन सक्नेछौं । त्यसपछी क्रमशः कृषि तथा पशुपंक्षीजन्य उत्पादनलाई महंगो मुल्यमा विदेशमा निर्यात गर्न, विविध मौलीक प्रविधी र स्वयं उत्पादीत प्रांगारीक मलखादको प्रयोगबाट उत्पादन लागत न्युनीकरण गर्न र देशको वातावरण र माटोको उत्पादन क्षमता समेत जोगाईराख्न सकिनेछ । यसको लागि प्रांगारीक मलको आवश्यकता पर्ने भएकोले अब महानगर परम्परागत रुपमा नै चल्दै आएको पशुमा आधारीत कृषि प्रणाली र कृषिजन्य उत्पादनमा आधारीत पशुपालन प्रणाली (ब्लष्बर्भ ब्नचष्अगतिगचभ) लाई परिष्कृत गरेर अगाडी वढ्नेछ। प्रांगारीक मलखादको लागि पशुमा आधारीत कृषि प्रणालीलाई प्राथमिकता दिएपनि खेत जोत्ने, वालीनाली र पशुपंक्षीजन्य उत्पादनहरु प्रशोधन र भण्डारण गर्ने जस्ता कार्यहरुमा भने हरसम्भव साना ट्रयाक्टर तथा साना मेशीनरीहरुको प्रयोगलाई वढावा दिएर श्रम तथा लागत न्युनीकरण गर्न प्रेरीत गरिनेछ ।

## १.१) कृषक परिचयपत्र उपलब्ध गराउने :

अर्गानीकतर्फको यात्रा शुरु गर्नको लागि महानगरले पशुपंक्षीपालन प्रणालीलाई परिभाषित गर्ने निश्चीत प्रोटोकल वनाई पशुपंक्षीपालनमा संलग्न कृषकहरुको फार्म र उत्पादन प्रणालीलाई विज्ञहरुको टिम मार्फत् अनुगमन गर्नेछ। त्यसपछी महानगरले विज्ञहरुको प्रतिवेदनका आधारमा कृषकहरुलाई **पर्यावरणमैत्री कृषक (Ecofriendly farmer) तथा साधारण कृषक (General Farmer)** गरी २ समूहमा वर्गीकरण गरी परिचयपत्र वितरण गर्नेछ । यसमध्ये **पर्यावरणमैत्री कृषकहरुलाई** विशेष प्राथमिकता दिएर सेवा सुविधा उपलब्ध गराईनेछ भने साधारण कृषकहरुलाई पनि विविध कार्यक्रमहरु मार्फत् प्रोत्साहन गर्दै पर्यावरणमैत्री पशुपालनतर्फ आकर्षित गरिनेछ। यसले क्रमीक रुपमा महानगर लाई आत्मनिर्भर र अर्गानीक उन्मूख पशुपंक्षीपालन प्रणाली भएको नगर भनेर चिनाउन सक्छ र भविष्यमा यहाँका पशुपंक्षीजन्य उत्पादनहरु अन्तर्राष्ट्रिय बजारमा ब्रान्डींग गर्दै विक्रि गर्न सकिने आधारहरु पनि खडा हुनेछन् ।

यसले पोखरा लेखनाथ महानगरलाई नमुना अर्गानीक कृषि प्रणालीमा वदल्न सकिने छ । फलस्वरुप यहाँको प्रकृति र संस्कृति मात्र हैन अर्गानीक कृषिको माध्यमवाट पनि संसारभरीवाट पर्यटकहरु भित्र्याई हाम्रो पर्यटन व्यवसाय समेतलाई थप प्रवर्द्धन गर्न सकिन्छ । यसको लागि हाम्रा परम्परागत र मौलीक जिवजन्तुहरुको संरक्षण, सम्वर्द्धन र व्यावसायीकरण गर्न समेत तुरुन्त ठोस् कदम चालिनेछ ।

महानगरबाट उपलब्ध पशुपंक्षीपालन सम्वन्धी सेवा प्राप्त गर्नका लागि कृषक तथा पशुपंक्षीजन्य उत्पादकन सँग सम्वन्धित व्यवसायी वा उद्यमीसँग महानगरले जारी गरेको परिचयपत्र हुनु अनिवार्य हुनेछ । यसरी परिचयपत्र मार्फत् लाभानवित भएका कृषकहरुले समय समयमा परिचयपत्र नवीकरण गराई दीगो र पर्यावरणमैत्री उत्पादन प्रणालीमा लागेका अन्य पशुपंक्षीपालक कृषकहरुलाई पनि क्रमशः प्रोत्साहीत गर्नेछन् । पशुपंक्षी फार्महरुको समय समयमा अनुगमन, नियमन गरी नवीकरण गर्ने र उत्पादन पर्यावरणमैत्री नभएको पाईएमा परिचयपत्र तत्काल खारेज समेत गर्न सक्ने व्यवस्था गरी महानगरले निर्देशीका र कार्यविधीहरु वनाउनेछ । यसपश्चात् महानगरले नै पर्यावरणमैत्री कृषकहरुको उत्पादनलाई बजारीकरण गर्ने मासु, डेरी तथा अण्डा व्यवसायीहरुलाई समेत **निश्चीत प्रक्रिया र मापदण्डहरुको आधारमा** पर्यावरण मैत्री पशुपंक्षीजन्य उत्पादनका पसलहरु भएको प्रमाणित गरिदिनेछ । पर्यावरणमैत्री कृषक तथा पर्यावरणमैत्री पशुपंक्षीजन्य उत्पादनका पसलहरुको महानगरले कडा नियमन गर्नेछ र प्रोटोकल अनुसार संचालन नभएको पाईएमा उनीहरुको परिचयपत्र रद्द गरी कारवाही गर्नेछ । यस कार्यबाट एकातर्फ उपभोक्ताले ढुक्क भएर गुणस्तरीय उत्पादनहरु उपभोग गर्न पाउनेछन् भने अर्कोतर्फ यसप्रकारको दीगो उत्पादन प्रणालीमा संलग्न कृषकहरुको उत्पादनले पनि बजार पाउने र भविष्यमा अर्गानीक उत्पादन तर्फको यात्रा सहज हुँदै जानेछ । परिचयपत्र वितरण गर्ने प्रयोजनको लागि पर्यावरणमैत्री गाईभैंसीपालन,

पर्यावरणमैत्री कुखुरापालन, पर्यावरणमैत्री वंगुरपालन र पर्यावरणमैत्री बाखापालनको उत्पादन प्रणाली सम्वन्धी **प्रोटोकलहरु सम्वन्धीत कार्यविधीको अनुसुचीमा तोकीए बमोजिम हुनेछ।**

## १.२) घाँसमा आधारीत पशुपालन तथा पशुमा आधारीत कृषि प्रणाली:

गाई, भैंसी, भेडा वाखा जस्ता घाँस धेरै पचाउन सक्ने पशुहरुमात्र नभै कुखुरा तथा वंगुरजस्ता घाँस कम पचाउन सक्ने पशुपंक्षीहरुलाई पनि नरम र पौष्टीक घाँसमा आधारीत वनाएर पाल्न सकेमा उत्पादन खर्चमा व्यापक कटौती गरी अर्गानीक प्रकृतिको पर्यावरणमैत्री उत्पादन गर्न सकिन्छ र सोको लागि आवश्यक पर्ने प्रांगारीक मल पनि उपलब्ध हुन सक्छ। यसवाट खाद्यान्नमा पर्न जाने मानिस र पशुपंक्षीको चाप पनि न्युनीकरण हुन गै दानाजन्य पदार्थको आयात उल्लेख्य कम गर्न सकिने र पर्यावरणमैत्री पशुपंक्षीजन्य उत्पादन वढाउन प्रोत्साहन मिल्ने भएकोले महानगरको कृषि कार्यकमसँग समन्वय गरी यसप्रकारको उत्पादन प्रणालीलाई अनुदान कार्यक्रमहरुमा उच्च प्राथमिकता दिइनेछ।

## १.३) कृषि पर्यटन:

हाम्रो देशको कृषि मौलीक र अर्गानीक प्रकृतिको हुनुको साथै पर्यटनमैत्री पनि हुन सक्ने प्रशस्त सम्भावना छ। विकसित देशमा २।३ प्रतिशत मात्रै जनसंख्या कृषि पेशामा संलग्न रहेको भएतापनि नेपालमा औद्योगीक कृषि प्रणाली अझै पनि प्रारम्भिक अवस्थामा रहेको हुदा यस तर्फ ठोस निती तथा कार्यकम संचालन गर्नु पर्ने देखिन्छ। यस खालको प्रणाली अपनाउँदै जाँदा साना फार्महरु धेरै हुने भएकोले भविष्यमा उत्पादन प्रणाली विकसित हुँदै जाँदा समेत महानगरको १५ देखी २० प्रतिशतसम्म जनसंख्या पशुपालनमा संलग्न रहने देखिन्छ। यस अवस्थालाई रोजगार र आयआर्जनको दीगो अवसरकै रुपमा

लिन सकिन्छ । अतः महानगर र आसपासको प्रकृति हेर्न आउने पर्यटकहरुलाई नै लक्षित गरी यहाँको संस्कृतिसँगै जोडेर पशुपंक्षीपालनमा आधारीत जीवनशैली तथा पशुपंक्षीपालन मोडलको अध्ययन गर्न र स्थानीय स्वाद चाख्न आउने आन्तरीक र वाह्य पर्यटकहरुको संख्यामा पनि उल्लेख्य वृद्धि गर्न सकिने सम्भावनाको उपयोग गरिनेछ ।

## १.४) व्यावसायीक रुपमा पाल्न सकिने जंगली जिवजन्तु पालनलाई कार्यविधी वनाई खुकुलो गर्ने:

दुर्लभ जीवजन्तुहरुको संरक्षण र सम्वर्न्धनमा टेवा पुग्ने र रोजगारीको स्रोत तथा राम्रो आयआर्जन पनि हुने भएकोले स्वदेशी र विदेशी वजारमा उच्च माग भएका र व्यावसायीक फार्म संचालन गर्न सम्भव हुने कालीज, बँदेल, लुईंचे, मृग जस्ता मासुजन्य जंगली जिवजन्तुहरुको पालन प्रणाली सम्वन्धी निश्चीत प्रोटोकल वनाई व्यावसायीक फार्म संचालन गर्न इच्छुक कृषकहरुलाई व्यावसायीक रुपमा उत्पादन र बजारीकरण गर्न सक्ने गरी प्याकेज विकास गरी अनुमति प्रदान गर्ने र भविष्यमा अन्तर्राष्ट्रिय बजारमा समेत निर्यात गर्ने व्यवस्था मिलाइनेछ । यसको लागि नेपाल सरकारले वि.स. २०६० साल भदौ ११ मा जारी गरेको वन्यजन्तु पालन सम्वन्धी नितीलाई आधार मानि सम्वन्धीत सरकारी निकायहरुसँग समन्वय गरी अगाडी वढीनेछ ।

## २) साना, मझौला तथा व्यावसायीक कृषक, उद्यमिहरुमा केन्द्रीत :

महानगरको जमिनको स्वामित्व र पशुपंक्षीपालन प्रणाली नै साना फार्महरुको लागि वढी उपयोगी छ। अतः महानगरको अवको मूल पशुपंक्षीपालन निती साना तथा मझौला खालका व्यवसायीक कृषकहरुमा केन्द्रीत हुनेछ । हाल विद्यमान पशुपंक्षीपालनसँग सम्बद्ध ठूला व्यवसायीहरुलाई पनि यथोचित सम्मान र प्रोत्साहन गर्दै अव साना तथा मझौला व्यवसायीक कृषकहरुमा ध्यान नदिने हो भने नेपालको पशुपालन क्षेत्र आयआर्जन र रोजगारी श्रृजना

गर्न नसकि अरु केही दशक यसरी नै रुमल्लींदै जाने सम्भावना रहनेछ । साना फार्महरुले **रोजगारी, आयआर्जन र खाद्य तथा पोषण सुरक्षा**लाई एकसाथ सम्बोधन गर्न सक्छन् किनकी एउटा एउटा परिवारले संचालन गरेका साना पशुपंक्षीपालन व्यवसाय वा फार्महरु नै अझैपनि देशका सबैभन्दा ठूला रो जगारदाता र पशुपंक्षीजन्य उत्पादन गरी आयआर्जनमा सघाउने माध्यमहरु हुन् ।

यसखालको नितीले एकैसाथ लाखौंलाई रोजगारी र आयआर्जनमा सरीक गर ाई अर्थतन्त्र उकास्न सकिन्छ र साना फार्महरु पनि क्रमशः मझौलास्तर का वन्दै जानेछन् । विगतमा मूल्य श्रृंखला प्रबर्द्धन गर्नका लागि ठूला उद्यमी र व्यवसायीहरुमा गरीएको ठूलो अनुदानको कार्यक्रमले आयआर्जन र रो जगारीमा उल्लेख्य योगदान गर्न नसकेको र साना कृषकहरु प्रतिस्प्रर्धात्मक लगानीको अभावमा झन् मारमा परेको गुनासो व्याप्त भैरहेको सन्दर्भमा देशको अर्थतन्त्रलाई आत्मनिर्भर र सुदृढ वनाउन र यसवाट हुने आर्थिक वृद्धिद्धर दीगो बनाउन साना तथा मझौला कृषकहरुमा नै पशुपंक्षीपालनका कार्यक्रमहरु केन्द्रीत हुनुपर्ने देखिन्छ । अतः अब उप्रान्त पशुपंक्षीपालन व्यवसायीसँग सम्बद्ध केही ठूला उद्यमीलाई ठूलो रकम अनुदान दिनुभन्दा साना तथा मझौला व्यवसायीहरुलाई प्रभावकारीताका आधारमा १ देखी १० लाख रुपैंयाँसम्मका साझेदारी परियोजनाहरुमा ५० प्रतिशतसम्म अनुदान दिने खालका कार्यक्रमहरुमा महानगरका पशुपंक्षीपालन कार्यक्रमहरु केन्द्रीत र हनेछन् ।

## २.१) कृषि ऋण तथा अनुदान :

परियोजनाको सम्भाव्यता, कृषकको पृष्ठभुमि, उत्पादनको बजार तथा महानगर अन्तर्गतको पशु सेवा शाखाको सिफारिसका आधारमा मात्रै वैंक तथा वित्तीय संस्थाहरुले अत्यन्त सहुलियत व्याजदरको पशुपंक्षीपालन कर्जा उपलब्ध गराउने र कृषकको साझेदारी रकम लगानी भएपछि मात्रै महानगरको तर्फबाट प्राप्त

हुने सहुलियत ऋण उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । कृषि अनुदानलाई सबै कृषकहरुको पहुँचमा पुर्‍याउन यस्ता फार्महरु सम्वन्धीत वडा कार्यालयमा दर्ता भएर ईजाजतपत्र लिई पोखरा महानगरको पशु सेवा शाखामा दर्ता भएपछि अनुदानको लागि आवेदन दिन योग्य भएको ठानिनेछ । तर सम्पुर्ण पशुपंक्षी फार्महरुलाई करको दायरामा ल्याउन आन्तरीक राजश्व कार्यालयको करदाता रहेका र घरेलु उद्योगको रुपमा दर्ता भएका पशुपंक्षीफार्महरुलाई अनुदान वितरणमा विशेष प्राथमिकता दिइनेछ ।

सहुलियत ऋणको लागि चल अचल सम्पत्ति धितो राख्न नसक्ने र आफ्नो फार्म विस्तार गर्न चाहने साना कृषकहरुले आफ्नो पशुपंक्षीजन्य फार्महरुको विधीवत दर्ता र वीमा गरी उक्त फार्म विस्तारको योजना समेटेर आर्थिक विश्लेषण सहीतको परियोजना तयार गरी महानगरमा पेश गर्नुपर्नेछ । यसरी पेश भएको परियोजना स्थलगत अनुगमन तथा अध्ययनका आधारमा दीगो र नाफामूलक पाइएमा सोही परियोजना धितो राखी अधिकतम रु ५ लाखसम्म महानगरको पशु सेवा कार्यक्रम अन्तर्गतको महानगर पशुपालन कर्जा कोष अन्तर्गत ऋण प्रदान गर्न सकिनेछ । महानगर पशुपालन कर्जा कोष अन्तर्गत ऋण लिन सम्वन्धीत वडाअध्यक्ष तथा महानगरका पशु सेवा शाखा प्रमूखको सिफारिसको आधारमा महानगरका मेयरले निर्णय गर्ने गरी कार्यविधीमा उल्ले ख गरिनेछ ।

महानगरबाट संचालित अनुदान सम्वन्धी कार्यक्रमहरुमा कृषकहरुको छनौटका हरेक प्रक्रिया सम्वन्धीत कार्यविधी बमोजिम अत्यन्त पारदर्शी ढंगबाट संचालित हुनेछन् । हरेक वर्ष अनुदान प्राप्त गर्ने कृषकहरुको नाम, ठेगाना र अन्य अनुदानग्राही प्रतिस्प्रर्धीलाई उछिनेर छनौट हुनुको कारण समेत सार्वजनिक संचारमाध्यमबाट प्रसारण गरिनेछ भने महानगरको वेवसाइट र अभिलेखमा दुरुस्त राखी सुचनाबोर्डमा पनि प्रकाशीत गरिनेछ । एउटै कृषकले पटकपटक अनुदान लिने र अन्य कृषकले नपाउने अवस्था आउन नदिन अनुदान प्राप्त गने

कृषकहरुमाथि उजुरी र सुनुवाई गर्ने व्यवस्था कार्यविधीमा उल्लेख गरिनेछ। सम्वन्धीत वडाको सिफारिसको आधारमा आर्थिक रुपले विपन्न वर्गका मात्र दलीत, महिला, सिमान्तीकृत, लोपोन्मूख, भौगोलिक विकटता भएका स्थानका तथा उद्यमशील युवाद्धारा संचालित व्यवसायलाई अनुदानका कार्यक्रमहरुमा उच्च प्राथमिकता दिइनेछ। विपन्न वर्गका कृषक भन्नाले भुमिहीन, आफ्नै स्वामित्वमा एक रोपनी वा सो भन्दा कम जमिन भै भाडाको जमिनमा व्यवसाय संचालन गरिरहेका र गाउँका भद्रभलाद्मी र छरछिमेकको उपस्थितीमा सम्वन्धीत वडाअध्यक्षले अनुदान प्रयोजनका लागि विपन्न भनि प्रमाणित गरेका व्यक्तिहरुलाई जनाउनेछ।

## २.२) क्षमता अभिवृद्धिः

उच्च मुल्यका पशुजपंक्षीजन्य पदार्थको उत्पादनका साथै पर्यावरणमैत्री र अर्गानीक उन्मूख पशुजन्य उत्पादन प्रणालीका सम्वन्धमा प्राविधीक र कृषक दुवैलाई महानगरमार्फत् गुणस्तरीय र व्यवहारीक तालिम अभीयान कै रुपमा संचालन गरिनेछ।

## २.३) पशुपंछि, आहार र घास वाली  विमा :

पशुपंछि विमा कृषकको लागि असाध्यै राम्रो कार्यक्रम हो। पछिल्ला वर्षहरुमा सरकारले यसलाई अझै सहुलियतपुर्ण वनाएको भएपनि महानगरले क्रमीक रुपमा यसलाई निशुल्क वनाउनेछ र **विमा सम्वन्धि** महानगरपालीकाले **कार्यविधि** वनाई लागु गर्ने छ।

## २.४) फार्महरुको अभिलेख प्रणाली तथा आर्थिक विश्लेषणः

महानगर भित्रका व्यवसायीक पशुपंक्षी फार्महरुको अभिलेख राखी अध्यवधिक गरीने छ। व्यवसायीक फार्मको आर्थिक विश्लेषण गरी नाफामा संचालन भए नभएको मुल्यांकन गर्न कृषक स्वयंलाई प्रोत्साहीत गर्ने र फार्मलाई

नाफामुलक वनाउन यस सम्वन्धी उचीत, गुणस्तरीय र व्यावहारीक तालिम संचालन गरिनेछ ।

## २.५) सहकारीकरण

निर्वाहमुखि उत्पादन प्रणलीले गर्दा हाम्रो देशका अधिकांश कृषकहरुले उत्पादीत पशु जन्य पदार्थहरुको बजारमा सहज पहुँच देखिदैन । यस अवस्थामा उत्पादन देखी बजारसम्म सकारात्मक भुमिका खेलिरहेका सहकारीहरुलाई महानगर मार्फत् आर्थिक तथा प्राविधीक सहयोग गर्ने र ऋण तथा अनुदानमा पनि उच्च प्राथमिकता दिने व्यवस्था गरिनेछ । यसका लागि सहकारी सम्वन्धी नियमन गर्ने निकायसँग समन्वय गरी सहकारी संस्थाले सहकारीको भावना र मर्मवमो जिम कार्य गरे नगरेको उचित मुल्यांकन गरी अभिप्रेरीत गरीने छ ।

## २.६) दण्ड तथा पुरस्कारको व्यवस्था

कृषि तथा पशुजन्य उत्पादन र बजारीकरणमा संलग्न कृषक, व्यवसायी तथा कर्मचारी सबैको लागि कामका आधारमा निष्पक्ष मुल्यांकन गरी पुरस्कृत वा दण्डीत गर्ने व्यवस्था कडाईका साथ लागु गरीनेछ । यसका लागि महानगरले एक अलग कार्यविधी वनाइ कार्यान्वयनमा ल्याउनेछ ।

## २.७) साना मेशीनहरुको प्रयोग

पशुपछिमा आधारीत कृषि प्रणाली र कृषिजन्य वाइप्रोडक्ट र घाँसमा आधार ीत पशुपंक्षीपालनलाई प्रोत्साहन गर्न विविध कार्यक्रम संचालन गरिनेछ । तथापि पशुफार्महरुमा सम्भव भएसम्म ससाना मेशीनहरुको प्रयोग (जस्तैः घाँस काट्ने र टुक्रयाउने मेशीन, साना ट्याक्टर आदी) लाई भने प्रोत्साहीत गर्न अनुदान उपलब्ध गराई कृषिमा लाग्ने श्रम तथा लागत न्युनीकरण गर्न जोड दिइनेछ ।

## ३) महानगरको जग्गाको स्वामित्व र पशुपंक्षीपालनमा सोको उपयोग

पोखरालेखनाथ महानगरपालिकाको स्वामितवमा रहेको वाझो तथा खेति योग्य जमिनलाई पशुपंछि पालन घास खेति माछा पालन गर्नको लागि लिजमा दिने व्यवस्था मिलाईने छ ।

## ३.१) पिग पार्क, पोल्ट्री पार्क वा अन्य फार्म पार्कहरु

उधोगकोरुपमा वंगुर तथा कुखुरा पालन फर्म संचालनको लागि महानगरले तोकेको ठाउमा पिग पार्क र पोल्ट्रि पार्क जस्ता फार्महरु संचालन गरी वैज्ञानिक तरीकाले संचालन गरीने छ ।

## ३.२) छाडा पशु व्यवस्थापनः

१ महानगरको छाडा पशुपंछिहरु व्यवस्थित गर्न सवै फार्महरुको अभिलेख राखी टयागिग गर्ने ।

२ सामुदायिक चौपायाहरुलाई गौशला संचालन गरी व्यवस्थि तगर्ने ।

## ३.३) कृषि वनः

महानगरका सम्भाव्य एवम उपयुक्त स्थानमा कृषि वन मार्फत पशुपंछि पालन तथा चरनका कार्यक्रम संचालन गरीने छ ।

## ४) व्यवस्थीत बजार र नियमनः

महानगरपालीका भित्र पर्यावरण मैत्रि जिवित पशुपंछि हाट वजार व्यवस्थापन तथा पशुपंछिजन्य पदार्थको अलग अलगवजार निर्धारण गरी विज्ञ प्राविधिकहरुद्धारा नियमन गर्ने व्यवस्था मिलाईने छ ।

## ४.१) बजार प्रबर्द्धनः

१ वजार प्रवर्द्धन समन्धि अनुदान सहयोगमा पर्यावरण मैत्रि आत्मनिर्भर मुलक अर्गानिक पशुपंछि जन्य पदार्थको वजारीकरणका लागि

महानगरपालीकाले कार्यविधि वनाई अनुदानको व्यवस्था मिलाउने छ ।

२ पशुपंछि तथा माछा जन्य उत्पादनका लागि विशेष वजारहरु वा निक मार्केटहरुको प्रवर्द्धन गरिने छ ।

३ आन्तरीक र वाह्रय पर्यटकहरुको आगमन हुने हाई वे छेउछाउमा फार्म हाउस रीसोर्ट खोल्न प्रेरित गरीने छ ।

४ पशुपंछि तथा माछा जन्य उत्पादन तथा वजारको नियमन गर्न प्रयोगशालाहरुको स्थापना गरीने छ ।

५ कृषहरुको पर्यावरण मैत्रि तथा अर्गानिक उत्पादनको परिक्षण गरी व्राण्ड प्रवर्द्धन गर्न मद्यत गरिने छ ।

## ५) पशु स्वास्थ्य संरक्षण, पशुपंक्षी प्रजनन्, पशुपंक्षीको आहारा सिफारिस सम्वन्धी महानगरको स्पष्ट निती रहने:

### ५.१) महानगरको क्वारेन्टाइन सम्वन्धी व्यवस्था:

महानगरवासी तथा महानगरका पशुपंक्षीको सुस्वास्थ्यलाई मध्यनजर गर्दै अन्य देश तथा वाह्य जिल्लाबाट पोखरा लेखनाथ महानगर क्षेत्र भित्र भित्रने पशुपंक्षी, माछा वा पशुपंक्षीजन्य पदार्थको क्वारेन्टाईन सेवा लाई कडाइका साथ पालना गरिनेछ । महानगरमा भित्रने जिवित पशुपंक्षीहरु वा तिनको संरक्षित वा मृत अंश, तयारी वा फोजन मासु, परिरक्षी प्रयोग गरि प्याकिंग गरिएका पशुपंक्षीजन्य उत्पादनहरु, पशुपंक्षीको भ्रुण तथा वीर्यलगायत जुनसुकै पशुपंक्षीजन्य पदार्थलाई अनीवार्य रुपमा चेकजाँच गरी गुणस्तरीय पाईएमा मात्र प्रबेश दिइनेछ । चेकजाँच विना चोरीछीपि भित्रिएका पशुपंक्षीहरु वा पशुपंक्षीजन्य पदार्थहरुलाई यसको ओसारपसारमा संलग्न व्यक्ति वा कारोबारीकै खर्चमा यस्ता पदार्थहरु नष्ट गरि आवश्यक कारवाही गरिनेछ ।

### ५.२) पशुपंक्षी प्रजनन् तथा नश्लसुधार निती:

महानगरले आफ्नो क्षेत्रमा रहेका पशु आनुवंशीक स्रोतहरुको संरक्षण गर्नको लागि सबै पशुपंक्षीका जातहरुको वंशानुगत पहिचान हुनेगरी व्यवस्थित अभिलेख राख्नेछ । यसरी राखीएको अभिलेखको आधारमा महानगरले आफ्नो मूल निती तथा कृषकहरुको लागि उपयुक्त हुने गरी विज्ञहरुको सहयोगमा पशुपंक्षी प्रजनन् तथा नश्लसुधार निती तय गरी जारी गर्नेछ ।

## ५.३) पशुपंक्षीजन्य व्यवसाय दर्ता गर्ने सम्वन्धमाः

(१) पशुजन्य व्यवसाय संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवस्थित रुपमा संचालन गर्न महानगरले प्रचलित नेपाल कानूनको अधिनमा रही प्रकृया तोक्नेछ । त्यस्तो प्रकृया वमोजिम व्यवसाय दर्ता गर्ने सम्वन्धमा महानगरले कार्यविधी वनाई लागु गर्नेछ ।

## ५.४) पशुस्वास्थ्य संरक्षण :

पशुपंक्षीजन्य उत्पादनमा सबैभन्दा धेरै क्षति पुर्याईरहेका रोगहरुको सर्भेलेन्स र पहिचान गरी हरेक ५।५वर्षमा मुख्य मुख्य आर्थिक महत्वका रोगहरुको प्राथमिकता तोकी कार्य गरिनेछ । यसका लागि शुरुको ५ वर्षका लागि कुखुरामा रानीखेत, गाईभैंसीमा खोरेत, वंगुरमा स्वाईन फिभर तथा वाख्रामा पिपिआर को रोकथाम र नियन्त्रणका लागि रोगअनुसारको निश्चीत प्रोटोकल बनाई कार्यक्रमहरु संचालन गरिनेछ । यसका लागि अपनाइने प्रोटोकलहरु **कार्यविधी वनाई** तोकिने छ ।

### ५.४) भेटेरिनरी जनस्वास्थ्य :

जनस्वास्थ्यमा प्रत्यक्ष असर पार्ने जुनोटिक रोगहरुको प्राथमिकीकरण गरी रोगथाम, नियन्त्रण तथा जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

## ५.५) महानगर भित्र पालिएका पशुपंक्षीहरुको लागि सन्तुलित र मितव्ययी आहारा सिफारिस गर्नेः

पशुपालन व्यवसायलाई प्रतिस्प्रर्धी वनाउन महानगरले विज्ञहरुको सहयोगमा आवश्यक अनुसन्धान गरी महानगर भित्रका सम्पुर्ण पशुपंक्षीहरुको जात र अवस्था हेरी उपयुक्त आहाराको प्रकार र मात्रा सिफारिस गरी कृषक समक्ष प्रचार प्रसार गर्नेछ ।

## ६) पशुपंक्षी अधिकार सम्वन्धमाः

हाल संसारभर पशुपंक्षीजन्य उत्पादन गर्ने क्रममा पशुपंक्षीहरु माथि अमानवीय व्यवहार गरिएको र उनीहरुलाई पालनपोषण गर्ने क्रममा अती भीडभाड हुने गरी राखीएको, कुखुरा, वट्टाई तथा वंगुर जस्ता पशुपंक्षीलाई केजमा थुनेर पालीएको, वध गर्दा पीडादायी तरिकाले र अमानवीय तरिकाले वध गरिएको र ढुवानी गर्दा पनि अत्यन्त पीडादायी र अमानवीय तरिकाले ढुवानी गरि एको जस्ता क्रियाकलापहरुको सर्वत्र आलोचना हुँदै आइरहेको छ । अतः यस नितीले पनि महागरलाई एउटा सभ्य समाजको रुपमा परिकल्पना गरेको हुनाले भविष्यमा पशुपंक्षीमाथि यसप्रकारका यातना र दुर्व्यवहार हुन नदिनका लागि क्रमीक रुपमा केजमा लेयर्स राखेर पाल्ने फार्म, फ्यारोंग क्रेटमा वंगुर राखेर पाल्ने फार्म आदीलाई क्रमशः सोत्तरमा आधारीत खुला प्रणालीमा पाल्नका लागि प्रोत्साहन गर्ने कार्यक्रमहरु वनाउनेछ । साथै पशु पंक्षी ढुवानी गर्दा कार्यविधीमा तोकीएको मापदण्ड पालना गर्ने र वध गर्दा पनि कार्यविधीमा उल्लेख भए वमोजिम मानवीय तरिकाले सक्दो कम पीडा हुने गरी निश्चीत मापदण्ड पुर्याई वध गर्ने (Humane Killing) विधीलाई कडाईका साथ पालना गर्न लगाइनेछ ।

अतः उल्लेखित बुँदाहरुमा केन्द्रीत भै महानगरका सम्पुर्ण पशुविकासका कार्यक्रमहरु संचालन हुनेछन् । यसबाट महानगरको पशुपंक्षीपालन तथा यससँग सम्वन्धीत व्यवसायले नितीगत स्पष्टता हासिल गरी पशुपंक्षी जन्य उत्पादन तथा उत्पादकत्व वृद्धि भै आत्म निर्भरता तर्फ उन्मुख हुने तर्फ यो गदान पुग्नेछ भन्ने अपेक्षा गरिएको छ ।

## ७) समिति :

पोखरा लेखनाथ महानगरपालिका नगर कार्यपालिकाको पशु पन्छी समिति देहाय बमोजिम हुनेछ :-

क. संयोजक :- कार्यपालिकाले तोकेको वडा  अध्यक्षबाट

ख. सदस्य :-कार्यपालिका सदस्य ३ जना

ग. सदस्य :- उपभोक्ता मञ्च कास्कीका अध्यक्ष वा प्रतिनिधि  १ जना

घ.. सदस्य :- उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि  १ जना

ङ. सदस्य :-समितिको निर्णय बमोजिम मनोनित विषय विज्ञ २ जना

घ. सदस्य सचिव :- पोखरा लेखनाथ महानगरपालिकाको पशु महाशाखाको प्रमुख १ जना